# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**


## बकर इद (इद-उल-अज्हा) पर्व, २०८३ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरूको महान् पर्व बकर ईद (ईद–उल–अज्हा) को अवसरमा बागमती प्रदेश,स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हजरत इब्राहिमको त्याग, बलिदान र अल्लाहप्रतिको अगाध समर्पणको सम्झनामा मनाइने यो विशिष्ट पर्वले आपसी सहयोग, सद्भाव र भ्रातृत्वको भावनालाई प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

हाम्रो बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक विशेषता बोकेको समाजमा यस्ता सांस्कृतिक चाडपर्वहरूले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई अझ मजबुत बनाउन मद्दत पुर्‍याउँछन् । बहुसांस्कृतिक विशेषतायुक्त नेपाल र नेपाली समाजका लागि बकर ईद (इद-उल–अज्हा) लगायतका पर्वहरू कुनै समुदाय विशेषका मात्र नभएर राष्ट्रिय पर्वका रूपमा स्थापित भएका छन् । हरेक चाडपर्वहरूको आफ्नो ऐतिहासिक र विशिष्ट महत्त्व हुने गर्दछ । आपसी सद्भावको चाडका रूपमा मनाइने यस पर्वले सबै नेपालीबीच सामाजिक एकता र सद्भाव अभिवृद्धि गर्न योगदान पुग्ने तथा राष्ट्रिय एकता, समुन्नत एवं समृद्ध नेपाल निर्माण गर्ने राष्ट्रिय अभियानमा थप प्रेरणा मिल्ने विश्वास लिएको छु ।

अन्तमा, बकर इद (इद-उल-अज्हा) पर्वले सबै नेपालीहरूबीच एकता, सहिष्णुता र मेलमिलाप कायम गरी समृद्ध र समुन्नत समाज निर्माण गर्न प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**२०८३ साल जेठ १४ गते, बिहिबार**
**ने.सं. ११४६ अनलाथ्व: द्वादशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np